(तारालाल श्रेष्ठको उपन्यास सपनाको समाधिको एक अंश)

मार्मिक धुनसँगै एसेम्बल्ड क्षतविक्षत तस्बिरहरू कम्प्युटरका स्क्रिनभरि चलमलाए । वियोगका विसङ्गत शब्द–विम्बहरू तस्बिरहरूसँगै सलबलाए...

'...कुनै दिन तिमी मेरा लागि रुनेछौ....जसरी म तिम्रा लागि रोएँ....कुनै दिन तिमीले मलाई गुमाउनेछौ....जसरी मैले तिमीलाई गुमाएँ....एकदिन तिमी पछाडि फर्किहेर्नेछौ....र महसुस गर्नेछौ, तिमीले के गर्‍यौ....सधैँ उस्तै सपनासँग बाँच्नुभन्दा....बरु मीठो सम्झनासँगै मर्नु बेस....पटक–पटक मैले बाँच्ने प्रयास गरेँ....प्रत्येक–पटक तिमीले वाचा तोडिदियौ....अनि म रोएँ, रोइरहेँ, आँसु पुछिरहेँ....अदृश्य आँसुहरू पुछिसाध्य नै भएन....सपनाबाहेक संसारमा केही बाँकी पनि रहेन....अनि मनमा लाग्यो, ओहो ! आजसम्म म किन जीवितै...?'

सुसाइड भिडियो सामाजिक सञ्जालमार्फत छ्यापछयापती फिँजियो । केही क्षणमै संसारभरि फैलियो; सर्वत्र; छताछुल्ल ।

आफन्तहरू बीच अप्रिय आवाज गुन्जियो, 'लौन न नि, कान्छीले त आत्महत्या पो गरिन् रे !'

समाचारले पनि भन्यो, 'अस्ट्रेलिया....एक्काईस वर्षीय एक नेपाली भाषी युवतीद्वारा सुसाइड भिडियो सार्वजनिक गरी झुन्डिएर आत्महत्या...।'

केही क्षणमै हजारौँले सुसाइड भिडियो हेरिसकेको प्रतिक्रिया आयो ।

सूर्यझैँ वेगवान् गतिमा उसले आफन्तजनलाई फोन गर्‍यो । इमेल गर्‍यो । एसएमएस गर्‍यो । स्काइप अनमै बस्यो ।

उताबाट खबर आयो, 'आफ्नै संस्कारअनुसार सद्गत गर्दै छौँ....मृत्यु संस्कारका मुख्य मन्त्रलाई अङग्रेजीमा उल्था गरेर तुरुन्त इमेल गरिदिनू ।'

उसले कान्छी बहिनीको सपना सम्झ्यो । स्टाफ नर्स अध्ययन सकिनेबित्तिकै एमबीबीएसको तयारीमा लाग्ने उनको सपनाको चिहान ऊअगाडि उभियो । उभिइरह्यो ।

अमेरिका पुगेको कान्छी बहिनीको प्रेमीले अर्कै केटीसँग अर्को दिन बिहे गर्दै रहेछ । साथीझैँ दाजुलाई समेत उनको प्रेमबारे अत्तोपत्तो थिएन । उसले आफ्नो वरिपरि प्रेम नै प्रेम, प्रेमी नै प्रेमी देख्यो । 'प्रेमले कसैलाई किन यति साह्रो कमजोर बनाउँछ हँ ?', उसले सोच्यो ।

उताबाट अर्को खबर आयो, '...कान्छीलाई दुलहीझैँ अन्माएर सद्गत गर्दै छौँ । सबै शृङगारले सजिसजाउ दुलहीझैँ देखिँदै छिन्, कान्छी । सबैलाई चिन्ता नलिनू भन्नू ।'

दिवा सपनामै ऊ कान्छी बहिनीको मलामी गयो । झलझली उसका आँखाअगाडि मृत्युसंस्कारका दृश्यहरू देखा परे; जीवन्त जुलुसजस्तै; एकपछि अर्को सिनेमाको दृश्यजस्तै; सपनामै बिपनाझैँ; बिपनामै सपनाझैँ;

सङ्गतका दृश्यहरू ऊअगाडि दौडिइरहे । दिनमै रातझैँ; रातमै दिनझैँ ।

उताबाट अन्तिम खबर आयो, 'बोल्न मात्र नसक्ने दुलहीझैँ कान्छीको दाहसंस्कार हुँदै छ ।'

थुप्रै थिए रे, मलामी । पर पराइ–भूमिमा एउटा अस्तित्व विलीन भयो । कान्छी कल्पनामा मात्र जीवित रहिन् । सपनामा मात्रै सीमित भइन् ।

कान्छीलाई चिन्नेजान्नेले भने, 'तिनलाई नपुग्दो के थियो र !'

कान्छीको आत्महत्याबारे अनेक टिकाटिप्पणी आइरहे । उसले त्यसलाई सुनिरह्यो । पढिरह्यो । पचाइरह्यो । चुपचाप ।

ऊ अमेरिका उड्नुअगि अदृश्य आँसु बोकेका उसका आँखाले आफ्नो जीवनलाई फर्कर हे¥यो । आफ्नो अतीतलाई फर्कर हे¥यो । वर्तमानभन्दा बलवान् विगत । आगतभन्दा अमूल्य विगत । रातभन्दा लामो सपनाजस्तै उसको जीवनकथाका अनगिन्ती केस्रा–केस्रा एकपछि अर्को ऊअगि उभिए । पट्यारलाग्दो पर्खाइभरि । ऊ उड्नुअगि ।

x x x

बिहान झापाको आकाश हुस्सुले डम्मै ढाकेको थियो । अलिअलि शीतलहर पनि । चिसो उत्तिकै ।

फुटपाथको पसलमा बिहानै मानिसहरू चिया पिउन जम्मा भइसकेका थिए । उनीहरू त्यहीँ पुगे । आगाको राप वरिपरि रिक्सावालाहरू पनि झुम्मिएका थिए । समीक्षाले चिया–बिस्कुट खान थालिन् । उनीहरूले चिया मात्र । प्रतीक्षालाई अब मेगमको गाइड बन्नुथियो । जतिसक्तो जानकारी लिनुथियो । मेगमलाई जानकारी दिनुथियो ।

'हजुर लोकल हुनुहुन्छ हो ?', प्रतीक्षाले होचो–होचो कदका दाह्रीजुँगा र कपाल पालेका एक अधबैँसेलाई सोधिन् ।

'होइन, म त ब्रोइलर हुँ ।', उसको उत्तर सुनेर चिया पिइरहेको एकजना चिया नै सर्किने गरी हाँस्यो । अनि सबै गलल्ल हाँसे । सबैले प्रतीक्षालाई भन्दा पनि मेगमलाई हेरिरहेका थिए । मेगम अक्क न बक्क भइन् । 'ब्रोइलरको मतलब ?', प्रतीक्षाले स्पष्टीकरण मागिहालिन् ।

'मतलब, म भित्रको मानिस हुँ ।', उसको यस्तो उत्तर सुनेर पनि सबै जना पुनः गलल्ल हाँसे । मेगमको अनुहार रातोपिरो देखियो ।

'भित्रको ? अझै कुरा बुझिनँ ।', प्रतीक्षाले पुनः हस्तक्षेप गरिन् ।

'म शरणार्थी हुँ, शिविरभित्रको । लोकल होइन । अब त बुझ्नुभो ? कहाँबाट आउनुभा'को हौ, तपाईंहरू ?', उसले बल्ल अलि स्पष्ट कुरा ग¥यो ।...

सबैभन्दा विशाल शरणार्थी क्याम्प घुमीसाध्ये थिएन । हजारौँ झुपडी । एकै ठाउँमा आधा लाखभन्दा बढी शरणार्थी । विश्वब्रह्माण्डका सबै कुरा एकै ठाँउमा थुप्रिएजस्तै । बोल्न खोज्दा कोही सहज, कोही असहज । कोही पठित, कोही अपठित । सबै स्वभावका मानिस थिए, शिविरभित्र ।

साँझ पर्न थालिसकेको थियो । उनीहरू कुनै शिविरभित्र अवश्य बास पाइने आसमा हिँडिरहेका थिए । शिविरभित्रको एउटा चोकमा झुम्म मानिसहरू भेला भएका थिए । तीन जना युवाहरू मौन थिए । अनुहार अध्यारो । ती घोसेमुन्टो लगाइरहेका थिए । अलि पाकाहरूले तिनलाई हकार्दै थिए । अधबैँसेहरू खासखुस गफ गर्दै थिए ।

'अब खोज्न कता जाने त खै, रात परिसक्यो !', थाकेर लखतरान पाका उमेरका आप्पा बोले ।

'हैन कता पुगे त हौ, बडाउ ?', एकजना होचो कदको अधबैँसेले भन्यो ।

'खै, बूढा कुनै रूखमा फलिसके कि त !', अर्को मोटोघाटो केटो प्वाक्क बोल्यो ।

'अशुभ नबोल असत्ती । सबै बूढाखाडा रुखमा फल्दैनन् ।', एक बूढी आमैले हकारिन् ।

प्रतीक्षाले अलि पर उभिरहेकी आमैलाई सुटुक्क सोधेपछि थाहा पाइन्, तेस्रो देश पुनर्वासकाण्डले छोराछोरी र बुबा–आमा बीच विवाद बढेपछि बडाबाउ घरबाट निस्किएर बेपत्ता भएछन् । तेस्रो देशकाण्डले तन्नेरी र बूढाहरू बीच विवाद बढ्दै जाँदा थुप्रै बूढाबूढीले रुखमा झुन्डिएर आत्महत्या गरिसकेका थिए । घरझगडाका कारण कुनै बूढाबूढी झुपडी छाडेर हिँडे कि 'कतै रुखमा फलिसक्यो कि ?' भन्ने त्रासदीले आफन्तलाई पिर्दोरहेछ । राती रुखतिर पो टर्च बालेर मान्छे खोज्दा रहेछन् ।

विदेशी गोरी केटी मेगमलाई क्याम्पभित्र भेटेपछि एकजना निकै आधुनिक हाउभाउको केटो उनीसँग परिचय गर्न आइपुग्यो । प्रतीक्षा अलि परै थिइन् । त्यो केटो मेगमसँग मस्कीमस्की बोलिरहेको प्रतीक्षाले देखिन् । हेर्दा लाग्यो ऊ शरणार्थी शिविरभित्रको होइन । मेगमले एक युवकलाई उसका बारेमा सुटुक्क सोधिन् । ऊ शिविरभित्रकै शरणार्थी रहेछ । नाम, एप्पले दाइ । आइफोनदेखि, आइप्याड र ल्यापटपसम्म एप्पल ब्रान्डको बोकिहिँड्ने भएकाले युवाहरूले उसको नामै एप्पले दाइ राखिदिएका रहेछन् ।

'ए भाइ शरणार्थी केटाकेटीसँग लाखौँ रुपैयाँ पर्ने एप्पल ब्रान्डका सामान किन्न पैसा कहाँबाट आउँछ हँ ?', प्रतीक्षाले सुटुक्क सोधिन् ।

'दिदी, याँ ऊ मात्रै होइन, अन्य स्वरुपका एप्पलेहरू पनि धेरै छन् । यी शिविरभित्र दस रुपैयाँ नहुने कङगालदेखि दसवटा नाइट बस र बजारमा थुप्रै पक्का घरहरू भएका करोडपतिहरू पनि सबै समानझैं उस्तै छाप्रामा बसेका छन् ।', केटाले मुस्कुराउँदै भन्यो ।

–तिनहरूसँग नेपाली नागरिकता छ त भाइ ?
–किन नहुनु, छ दिदी ।
–कसरी लिन्छन् त तिनले नागरिकता भाइ ?
–कानुन किन्छन् र लिन्छन् नि । नेपाली कानुन किन्न के मुस्किल छ र दिदी । यहाँ पैसा हुनेले सजिलै कानुन

किन्छन्, आँखैअगाडि कानुन किनिरा'छन्।

कताकताबाट लोकल रक्सीको ह्वास्स गन्ध आयो। चर्पीबाट निस्केको नरबिष्टाजस्तो पनि थियो त्यो गन्ध। प्रतीक्षालाई सकसक लाग्यो।

–मदिरापानका कथाचाहिँ कस्ता छन् नि भाइ यहाँ ?
–कुरा गरी साध्य छैन दिदी।
–यसको मतलब ?
–यसपालि दसैँमा मात्र बाहिर दमक बजारमा भन्दा एउटै शिविरभित्र तेब्बर बियर बिक्यो रे। अन्य मदिरा करोडौँको बिक्यो रे।
–कसरी थाहा भयो भाइ ?
–पत्र–पत्रिकाले लेखेका थिए, दिदी।
प्रतीक्षाले चाल पाइन्, महलमा मात्र डलर बर्सन्न रहेछ। कहिलेकाहीँ झुपडीमा पनि हरियो डलर बर्सिदोरहेछ।...

x x x

बिहान सबेरै शिविर नै थर्किने गरी मानिस रोएको आवाजले उनीहरू बिउँझिए। बाँसको खाटमा सुतेकी मेगमको शरीर बेस्मारी दुखिरहेको थियो। अग्ली अमेरिकी केटीका लागि ती शिविरभित्रका बाँसका खाट छोटा थिए। प्रतीक्षाका लागि त्यो कुनै समस्याको विषय थिएन। शौचालयको बारदेखि ढोकासम्म पनि सबै बाँसकै। बाँस र शरणार्थी जीवनसंस्कार बीचको सम्बन्ध देखेर मेगम चकित परिन्।

'के गर्नु बाबै, हामी त बाँसै खाने, बाँसै ओड्ने, बाँसै ओछ्याउने, बाँसै बेर्ने, बाँसैले घेर्ने र बाँसै बेचेर बाँच्छौँ। मरेपछि पनि बाँसैमाथि सुतेर जान्छौँ। हामीलाई त बाँससँग बानी परिसक्यो।', आमैले बिहानै बाँसको जीवनदर्शनसहित फिका चियाले स्वागत गरिन्। उनकी नातिनी र समीक्षाले चियासँग चिउरा खाए।

'आमै बिहानै को रुँदै छन्। राती हात्तीले केही गरे कि ?', प्रतीक्षाले सोधिहालिन्।

'किन हुन्थ्यो नानी, पल्लाघरे आधा सन्तान एम्रिका उड्दै छन् नि। त्यैँ'को रुवाबासी नि। यता त यस्तै हो। प्रत्येक बिहान रुवाबासीले बन नै गुन्जिन्छ।', आमैको कुराले मेगमको पनि कान ठाडो भयो।

उनीहरू चर्तिकला हेर्न अमेरिका जाने समूहको पछिपछि लागे। उनीहरूलाई अनुभव बटुल्नुथियो। बस ! मेगमलाई त झन् त्यो दृश्यले निकै छोयो। संवेदना र सहानुभूतिको खडेरीजीवन बाँचेकी अमेरिकीलाई नेपालीको वियोगको सेन्सिबिलिटीले खूब छोयो। आइओएमका सुरक्षागार्ड र कर्मचारीको रोहबरमा एउटा ठूलो समूहलाई स्थानान्तरण गरेर तेस्रो देश पुनर्वास गरिँदै थियो। शिविरै थर्किने गरी रुने क्रम एकपछि अर्को थपिँदै थियो। तमासा हेर्नेहरू र तिनलाई व्यङग्य गर्नेहरू पनि कम थिएनन्।

'लौ जाऊ है गाईखाने देश। आफू मात्र सम्झिने त्यो सहर।', एउटा केटाले आफ्नी केटीसाथीलाई यी शब्दले अन्तिम बिदाइ ग¥यो। केटी झन् डाँको छाडेर रुन थालिन्। ऊ पनि रोयो। अन्य पनि रोए। आइओएमको बसस्टपसम्म आइपुग्दा सबै जना रोइरहेका थिए।

'यता भ्वाँक्क पादेको उता सुन्दै÷सुँघ्दै सुत्न बानी परेकाहरू एम्रिकामा के टिक्न सक्लान् र खै !', अन्तरे बा आफन्तजनसँग गफिँदै थिए।

एउटा छाप्रामा आगो सल्कँदा सात सय छाप्रा जल्ने गरी गुजुमुज्ज जङ्गलछेउ एकै ठाउँ बसेका यी शरणार्थी अब अमेरिकी र अन्य पश्चिमा गगनचुम्बी कङ्क्रिट जङ्गलतिर जाँदै थिए, तितबितर बनेर। आफन्तजन कामका खातिर को कता पुग्ने हो, अत्तोपत्तो थिएन। आफन्तकै भेटघाट अनिश्चित थियो। रुँदै पुनर्वास रोज्नुको विकल्प थिएन।

'एकै ठाउँमा एक लाख बस्ता तीनचार हजार प्रहरी–सेना भएको भुटानी शासकको अत्याचारविरुद्ध आन्दोलन गर्न एक हुन नसकेका नाथे नेता तेस्रो मुलुकमा तितरबितर भएर अन्तिम आन्दोलन गर्ने फुटानी हाँक्तै छन्। पहिले आफैँ पलायन भएका छन्। तेस्रो मुलुक पुनर्वासलाई 'डिउरेबल सोलुसन' भनी वकालत गर्दै छन्, 'डिउरे' उपबुज्रुकहरू।' प्रतीक्षाले भर्खरै पढेको एक अखबारमा प्रकाशित तेस्रो देश पुनर्वासविरोधी नेताको अभिव्यक्ति सम्झिइन्।

उनीहरू बसबिसौनी पुगे, जहाँ जात्राजस्तै मानिस भेला भइरहेका थिए। सुनौलो बिहानीमा सबै एकोहोरो रोइरहेका थिए। 'क्राइङ ल्कब'जस्तै।

'यो रुन्चे चोक हो।', एक जना बौलाहा स्वभावको मानिसले धाराप्रवाह भाषण गर्दै थियो, 'अमेरिकी तथा पश्चिमा पुँजीवादीहरूले केही हरिया डलर हु¥याए। दुलाभित्र अस्तित्व लुकाई बाँचेका सिबिरेहरू लाइनमा छाती फुलाएर उभिन आए। पश्चिमी सपना बोकेर बाँचे। डेट आएको क्षणमा भने यसरी हाँस्ताहाँस्तै रुन थाले। किन कि 'डेट' भनेको 'डेथ' हो। प्रत्येकपटक बिहानै यी रुँदै जान्छन्, जो फर्किएर आउँदैन्। ती फर्किएर आउने आधार पनि रहन्न। तिनका इतिहासको सनाखत पनि हुँदैन। तिनलाई हेरेर प्रत्येक बिहान रुन्चे टोल आफैँ रुन्छ। शरणार्थीको सपनाको चिहानमाथि शोक मनाएर रुन्चे टोल पनि रोइरहेको छ। प्रत्येक बिहान। धार्मिक भजनसँगै मार्मिक रुवाइ रुन्छ, रुन्चे चोक। कुखुराको डाँकोसँगै रुन्छ, रुन्चे चोक। अमेरिका उड्ने 'डेट' पाएका भाग्यमानीहरूसँगै 'डेथ' सेरिमोनीझैँ रुन्छ, रुन्चे चोक।'
मेगम र प्रतीक्षा त्यो सनकी स्वभावको कविको शक्तिशाली भाषण सुनेर चकित परे। प्रत्येकपटक बिहान तेस्रो देश पुनर्वासमा शरणार्थीलाई स्थानान्तर गर्ने क्रममा रुन्चे चोकमा रमितेहरूको भीड लाग्दोरहेछ। पुनर्वासका लागि तेस्रो देश उड्नेहरूको रुवाबासी, आफन्तहरूको कोकोहोलो, आत्मपराजयको पीडा सबै आँसु बनेर समाधि हुँदोरहेछ, रुन्चे चोकमा। सबै रुँदारहेछन्, डाँको छाडेर, रुन्चे टोलमा। सबै उकुसमुकुस र पीडा आँसु बनेर पोखिँदा रहेछन्, रुन्चे चोकमा। आक्रोश पनि आँसु बनेर पोखिँदै थियो, रुन्चे चोकमा। कम्तीमा रुनेसम्मको संवेदना बाँकी थियो, शिविरमा। रुन्चे चोक त्यसको पुष्टि थियो।

कुनै ठाउँ विशेषको नाम अटोमेटिक जुर्दोरहेछ। सबै जम्मा भएर रुने भएका कारण शरणार्थी शिविरअगाडि आइओएम बस रोक्ने र तेस्रो देशका लागि लाइन लगाएर मानिस बसमा बोक्ने अनि रुवाउँदै लाने टोलले नयाँ नाम पाएको थियो, रुन्चे चोक। अर्को शिविरमा अर्को नाम थियो, रुन्चे डाँडो। अटोमेटिक न्वारान गरिएको थियो, त्यस चोकको। त्यस डाँडाको। अघोषित न्वारान।

कवि अझै बोल्दै थिए, '...यी अन्योलका रुवाइ हुन् कि अन्यायका ? कि आत्मपराजयका ?....केही बर्षपछि यो रुन्चे चोक र त्यो रुन्चे डाँडामा यसरी रुने मानिस कोही बाँकी बस्ने छैनन्। अनि एक्लै हाँस्नेछन्—यो रुन्चे

चोक, त्यो रुन्चे डाँडो । एक दिन रुँदारुँदै एक्कै हाँस्नेछन्, हाँस्दा हाँस्दै एक्कै रुनेछन्, यो रुन्चे चोक र त्यो रुन्चे डाँडो । हेर्दै जाऊ !'

अलि परै बसी रमिते बनेर मेगमले रुन्चेहरूको खूब फोटो खिचिन् । सोह्र वर्षमा परिवार त्यागिहिँड्ने संस्कारमा हुर्किएकी मेगमलाई पूर्वीय संस्कारमा परिवारसँग छुट्टिँदाको पीडाको आँसुको मूल्य कति हुन्छ भन्ने महसुस भइरहेको थियो । प्रतीक्षाका लागि त झन् ती रुन्चे दृश्य बिर्सनै नसकिने अनुभूति बनेका थिए । समीक्षा सबै रोएको देखेर आमासँग टाँसिएर रुदै थिइन् । बस हिँड्यो, हुइँकियो । रुवाबासीको डाँको उत्सर्गमा पुग्यो...

...आ...मा...आ...

...छो...री...

...नरोऊ...बैनी...

...ना...इँ...

'...अब राजा जिग्मेलाई यहाँ ल्याएर रथारोहण गरिनु पर्छ....कुनै शासकले सक्छ एकैपटक यसरी हजारौँलाई अमेरिका उडाउन ! यी सिबिरेहरूले कम्ता कष्ट खेपेनन्....मान्छे नमरेको घरै भएन....जलाउन संभव नभएर गाडे लासहरू बगरमै....मलामीपछि मलामी गए यी....'लागे लाग मोहनी नत्र घरमै छँदै छ स्वास्नी' भनेझैँ बाईस वर्ष यसरी यहाँ बसे पनि....यिनका नसानसामा अझै एउटै कन्फुजन छ....परायाले डिजाइन गरेको आकासमा यिनको अस्तित्वको बियाँ कहाँ अङ्कुरन भएको राम्रोः भुटानमा ? नेपालमा ? अमेरिकामा ? अन्य कहा...?' कविजी अझै कडकेर बोल्दै थियो...

'गए सबै, सपनाको चिहानतिर ! अब देख्छन् बाउको बिहे !', सतिसालझैँ तेस्रो देश पुनर्वासविरोधी एक बूढाबा पनि कड्किए । सबै परिवार उडेछन् । ल्याप्चे लाएर उनैले उडाएछन् । आफू भने एक्कै बसेका रहेछन् उनी ।

'सबैलाई ल्याप्चे हानेर पठाइसकेपछि विरोध गरेर हुन्छ त बा ?', प्रतीक्षाले प्वाक्क सोधिन् ।

'के गर्नु त ! भुल्लोभाङ, पीठोपिँडालु छैन अंश माग्छन् । साला, हाम्ले जन्माएका केटाहरूले हाम्रैअगाडि फुटानी लडाउँछन् । घरमा बसिसक्नु नभएपछि रुँदैरुँदै ल्याप्चे ठोकेर पठाइदिएँ ।', बूढाले आक्रोशसँगै आफ्नो विवशता बताए ।

अलि अगाडिपट्टि सार्वजनिक सूचना बोर्डमा हेर्दै हल्लाखल्ला गरिरहेका युवायुवतीहरूको झुन्ड देखियो । कसकसको डेट आएछ भन्ने हल्लाखल्ला चलिरहेको थियो । शिविरका मुख्य गेटमा पैदल र साइकिल चढेर बाहिरिनेहरू देख्ता जुलुसकै झल्को दिन्थ्यो । ती सबै बाहिर काम गर्न बाहिरिँदै थिए । क्याम्पभित्र व्यापार गर्नेहरूलाई पनि भ्याइनभ्याइ थियो । कहीँ होटल क्यानटिन । कहीँ टेलरिङ । कहीँ हस्तकला । कहीँ खसी–कुखुराको मासु बिक्री भण्डार । कतै क्यारमबोर्ड र तासजुवा । जीवन र जगत्का अनेकौँ आयाम एकै ठाउँमा देख्न पाइन्थ्यो शरणार्थी शिविरमा ।

एउटा शिविर भएको ठाउँमा दुई दर्जनभन्दा बढी साइबर थिए । पाँच दर्जनभन्दा बढी मनी ट्रान्सफरबाट करोडौँ पैसा भित्रिन्थ्यो । सायद त्यसैको परिणाम थिए अनगिन्ती भट्टी पसल ।

शिविरको गेटछेउ नास्ता पसलअगि युवाहरूको एक झुन्ड चिया पिउँदै मज्जासँग हाँसिरहेको थियो । लाग्थ्यो, दुःखभित्रै धेरै आनन्दका अनुभूति छन्, सिबिरे जिन्दगीमा । बावुआमालाई छोराछोरी पाल्ने चरम चिन्ता थिएन । युवालाई धेरै स्वतन्त्रता थियो । तिनका गफले त्यसको पुष्टि गर्दै थियो । एउटा झ्याप्ले कपाल पालेको आधुनिक शैलीको केटाका कुराले सबैलाई खूब हँसाइरहेको थियो ।

'ए सुन न ! त्यो हाम्रो रनबिरेका बाउ छैनन् ?', आधुनिक जीवनशैलीमा कपाल पालेको केटाले भन्यो ।
'अँ के त ! के भयो ?', अर्को केटाले सोध्यो ।

'रनबिरेका बाउ बूढाले मरे'नि साइन हान्न जान्न भनिरा'का रै'छन् ।', उसले कुरा अगि बढायो ।
'अनिअनि !', अर्काले चाख देखायो र उसले सबैको ध्यानाकर्षण गर्दै घटनाको वर्णन ग¥यो ।

'रनबिरेको घरमा त बबाल भै'रा रै'छ । रनबिरेलाई त रामधुलाइ गर्दै रै'छन् । म पुगेँ । अनि मज्जाले बूढाका पक्षमा बोल्न थालेँ । 'ती गाईखानेका देश जानुहुन्न....स्वदेशै फर्किनुपर्छ काका....त्यसका लागि सबै मिलेर मेची पुल पुगेर अर्को अन्तिम लडाइँ लड्नुपर्छ' भनेर ठोके लेक्चर्स । 'यो कान्छाले ठीक कुरा ग-यो है....लौ चिया पका बूढी कान्छालाई' भन्न थाल्यो ।' केटाले हौसँदै कथा भन्यो ।

'अनि त्यसपछि !', केटाहरूले पनि हौसँदै एकै स्वरमा थप कहानी सुन्ने जिज्ञासा राखे ।

'बूढाले रनबिरेलाई औंल्याउँदै 'कान्छा, सम्झा यो 'गु'लाई पनि । एम्रिका मर्छु भनेर बसिखान द्या हैन' भन्न थाल्यो । मैले बिस्तारै रनबिरेका बाउको दिमाग चाट्न थालेँ । कुरा यसरी थाले...।'

–काका, तपाईँ मरे'नि ल्याप्चे हान्न जानुहुन्न त ?
–मरे'नि ल्याप्चे दिँदैदिँन्न । अरूजस्ता दुईजिब्रे म होइन ।
–ठीक सोच्नु भो काका । तपाईँजस्ता सच्चा राष्ट्रवादी अमेरिका जानुहुन्न ।

'मेरा कुराले बूढो मख्ख प-यो । 'ए बूढी चिया पाकेन भन्या ? कान्छालाई चिया छिटो ले न' भन्न थाल्यो । मैले फेरि दिमाग चाट्न थालेँ ।' केटाले भन्यो ।

–तर, काका त्यो रनबिरे एकदम फटाहा छ । यल्ले तपाईँलाई पाल्दा नि पाल्दैन । एल्लाई चाहिँ पठाइदिनुस् अमेरिका । यत्रैसिती । अनि त्याँ देख्छ एल्ले बाउको बिहे ।

–हन के भन्छ यो । ए बूढी यो त फटाहा पो रै'छ त । यै 'गु'को पक्षमा पो बोल्दै छ । अब चिया नले । भएको यही तीनभाइ हो । मरेपछि अर्कोपट्टि बोक्न त एउटा को खोज्ने भन्ने सोचिरा बेलाँ रनबिरेलाई एम्रिका पठाऊ पो भन्छै । जालसाँजी गर्न आउने तेरिम्मा...।

रनबिरेको बाउ बूढाले बेपत्ता लखेटेको कथा सुनेर सबै गलल्ल हाँसे । प्रतीक्षाले मेगमलाई केटाहरूले भनेको कहानी अनुवाद गरेर सुनाइन् । मेगम पनि मज्जाले हाँसिन् ।

केटाहरू हाँस्दै अर्का साथीका बाबुको दिमाग चाट्न भनेर शिविरको गल्लीतिर गए, केही क्षणमै अदृश्य भए ।...